www.bnmtnepal.org.np BiratNepal bnmtnpl

BNMT NEPAL Serving the People of Nepal | SABITRI BASNYAT Fund for TB | the BRITAIN NEPAL medical trust serving the people of nepal since 1968

# NOURISH: Nutritional support for people affected by TB

## पृष्ठभूमि

नेपालमा क्षयरोगका बिरामीहरू निदान हुँदा प्राय जसो गम्भीर रूपमा कुपोषित भएका हुन्छन । रोगको उपचार अवधी भरी एकातिर दैनिक आय कम हुने र अर्को तिर अनावश्यक स्वास्थ्य खर्चले यस अवस्थालाई अझ बढाउने गर्छ ।

वि.एन.एम.टी. नेपालको अघिल्लो अध्ययनले नेपालमा क्षयरोगबाट प्रभावित घरपरिवारको एक तिहाइले खाद्य असुरक्षाको अनुभव गरेको देखाएको थियो, साथै रोग उपचारको समयमा पौष्टिक आहारको कमि भएको उल्लेख थियो । तसर्थ वि.एन.एम.टी. नेपालले जोन बर्ज ट्रस्ट कोषको आर्थिक सहयोगमा टि.बी. रिकभरी परियोजना मार्फत क्षयरोगका विरामीहरुलाई उपचार अवधि भरी पोषण सहयोग प्याकेज वितरण सुरुवात गरेको थियो । उक्त परियोजनाको सफल कार्यान्वयन पश्च्यात पून: क्षयरोगका विरामीहरुको उपचारमा सहयोग गर्न उक्त अवधिभरका लागी पोषण सहयोग परियोजना सञ्चालन गरी रहेको छ । उक्त परियोजना जनवरी २०२४ देखि डिसेम्बर २०२४ सम्म सञ्चालन हुने छ ।







## उद्देश्य

१. तीन जिल्लाहरु (बाँके, महोत्तरी, मोरङ्ग) का अति विपन्न गरीबी वा Body Mass Index धेरै कम (BMI ≤ १८.५०) भएका क्षयरोग प्रभावित १४० व्यक्ति र तिनीहरूको परिवारहरूलाई छ महिनाको लागि पोषण सहयोग प्रदान गर्नु

२. कार्यक्रमहरुलाई थप ठाउँहरुमा विस्तार गर्नको लागि रणनीति निर्माण गरी राष्ट्रिय क्षयरोग कार्यक्रमलाई सूचित गर्नु

३. क्षयरोग प्रभावित व्यक्तिहरुको लागि पोषण सहयोग सम्वन्धि Randomized trial गर्नका निम्ति चाहिने प्रस्तावना लेखनका लागि सहयोग गर्न आवश्यक तथ्यांक संकलन गर्नु

## साझेदारी

**आर्थिक सहयोग** : The Britain Nepal Medical trust (BNMT UK) र Sabitri Basnyat Fund for TB (SBFT)

**साझेदारहरु** : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र, प्रादेशिक स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालय, स्थानिय पालिका र टि.बी. साझेदारहरु

## अपेक्षित परिणामहरू

१. १४० क्षयरोग प्रभावित परिवारहरूले पोषण सहयोग प्याकेज प्राप्त गरेको

२. नेपालका क्षयरोग प्रभावित व्यक्तिहरूका लागि पोषण सहयोगको निष्कर्ष र मूल्याङ्कनका नतिजाहरू तथा सरोकारवालाहरूको धारणाहरुलाई अंग्रेजी र नेपाली भाषामा कार्य पत्र 'नीति बृफ' मार्फत प्रकाशित भएको

३. उपयुक्त नीति पैरवीको लागि स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय स्तरका समुदायमा परियोजनाका निष्कर्षहरू सार्वजनिक भएको

## मुख्य कार्यक्रमहरू

१. तीन जिल्लाहरुका १४० अति विपन्न गरीब क्षयरोगका विरामीहरु (७०० परिवार सदस्य) लाई पोषण सहयोग प्रदान गर्ने

२. पोषण सहयोग प्राप्त नगर्ने बिरामीहरूको समूहको तुलनामा लाभार्थी समूहहरूको बि.एम.आई. (BMI) मा परिवर्तन र चिकित्सकिय परिणामहरू मूल्याङ्कन गर्ने

३. सरोकारवाला सँस्थाहरूसँग परियोजनाको उपलब्धि तथा निष्कर्षहरूबारे छलफल गरी कार्यक्रम विस्तारको लागी पैरवी तथा वकालत गर्ने ।

## परियोजना स्थलहरू




**परियोजना जिल्लाहरु ( बाँके, महोत्तरी, मोरङ्ग ) मा गाढा रातो रङ्ग लगाईएको ।**

## सम्पर्कको लागी


### केन्द्रिय कार्यालय

**वि.एन.एम.टी. नेपाल**
पि.ओ.बक्स : २०५६४ लाजिम्पाट २, काठमाडौं
फोन : +९७७ १ ४५३६४३४, ४५२८२४०, ४५४१९१८
ईमेल : bnmtnepal@bnmt.org.np

### क्षेत्रिय कार्यालयहरु

नेपालगञ्ज उपमहानगरपालिका - १०
भृकुटीनगर, नेपालगञ्ज
फोन : ०८१-५३०७५७

बिराटनगर महानगरपालिका - ११
जनपथ टोल, बिराटनगर मोरङ्ग, पि.ओ.बक्स : ९
फोन : ०२१-४७०६०८

**श्री ज्ञानेन्द्र श्रेष्ठ**
राष्ट्रिय कार्यक्रम संयोजक, परियोजना प्रबन्धक, वि.एन.एम.टी.
मोबाइल : ९८५२०२३९१९
ईमेल : gyanendra@bnmt.org.np

**श्री रघु धिताल**
कार्यकारी निर्देशक
वि.एन.एम.टी.
ईमेल : raghu.dhital@bnmt.org.np

**डा. म्याक्सिन कज**
वरिष्ठ टि.बी. वैज्ञानिक
एल.एस.टि.एम. / वि.एन.एम.टी.
ईमेल : maxine.caws@bnmt.org.np